# स्थानीय तह निर्वाचन (चौथो संशोधन) निर्देशिका, २०७४

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०४।८**

स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको निर्देशिका बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (चौथो संशोधन) निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा ३ मा संशोधन** : स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (यस पछि "मूल निर्देशिका" भनिएको) को दफा ३ को उपदफा (१) पछि देहायको खण्ड (१क) र (१ख) थपिएका छन् :-

"(१क) जिल्ला समन्वय समितिको निर्वाचन गर्ने गराउने जिम्मेवारी उपदफा (१) बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृतको हुनेछ।

(१ख) उपदफा (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको निर्वाचन सम्पन्न भई मुख्य निर्वाचन अधिकृतको कार्यालय बन्द भईसकेको जिल्लाको हकमा जिल्ला समन्वय समितिको निर्वाचनको लागि आयोगले न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्नेछ।"

३. **मूल निर्देशिकाको दफा ४ मा संशोधन** : मूल निर्देशिकाको दफा ४ को उपदफा (३) झिकिएको छ।

४. **मूल निर्देशिकाको दफा २८ मा संशोधन** : मूल निर्देशिकाको दफा २८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) जिल्ला सभाले जिल्ला समन्वय समितिमा रहने सदस्यहरुको सङ्ख्या निर्धारण गरेको जानकारी निर्वाचन कार्यालयबाट प्राप्त भएको तीन दिनभित्र मुख्य निर्वाचन अधिकृतले दफा २७ को उपदफा (२) बमोजिम निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ।

तर दफा ३ को उपदफा (१ख) बमोजिम नियुक्त भएको मुख्य निर्वाचन अधिकृतले जिल्ला समन्वय समितिमा रहने सदस्य सङ्ख्या निर्धारण भएको जानकारी निर्वाचन कार्यालयबाट प्राप्त गरी तीन दिनभित्र निर्वाचन कार्यक्रम प्रकाशन गर्नु पर्नेछ।"